# INTERNATIONAL COMMISSION OF JURISTS

Commission internationale de juristes - Comisión Internacional de Juristas

*" dedicated since 1952 to the primacy, coherence and implementation of international law and principles that advance human rights "*


PRESS RELEASE

प्रेस विज्ञप्ति

न्यायमाथि अंकुश लगाउने कार्यलाई रोक्न आइसिजे नेपाल सरकार समक्ष आह्वान गर्दछ

१९ असोज २०६७

२०६१ सालमा सैनिक शान्ति-स्थापना तालिम केन्द्रमा थुनामा राखिएको अवस्थामा हत्या गरिएका १३ बर्षीय मैना सुनुवार, तथा संविधानसभाका सभासद बालकृष्ण ढुंगेलद्वारा २०५५ मा गरिएको उज्जन कुमार श्रेष्ठको हत्या लगायतका गम्भीर अपराधमा आरोपित नेपाली सेना तथा माओवादी दलका सदस्यहरुका सम्बन्धमा दिइएको न्यायिक आदेशहरुलाई थाति नराखी तत्काल कार्यान्वयन गर्न आइसिजे नेपाल सरकार समक्ष आह्वान गर्दछ ।

युद्ध अपराध तथा सशस्त्र द्वन्दको समयमा गरिएका अन्तर्राष्ट्रिय कानुन अनुसारका अन्य अपराधहरु लगायत मानवअधिकारको गम्भीर उल्लंघनबाट भएको दण्डहीनताको अन्त्यका लागि तत्काल कदमहरु चाल्न नेपाल सरकारलाई दवाव दिन संयुक्त राष्ट्रसंघ तथा यसका सदस्य राष्ट्रहरु समक्ष समेत आइसिजे आह्वान गर्दछ ।

राजनीतिक मामला संबन्धी संयुक्तराष्ट्रसंघीय सहायक-महासचिव लिन पास्कोको औपचारिक नेपाल भ्रमण, र नेपाली सेनाका प्रधान सेनापति छत्रमान गुरुङ्गको बेलायतको भ्रमण भएको अवसरमा आइसिजेको यो प्रेस-वक्तव्य सार्वजनिक गरिएको छ ।

“अन्तर्राष्ट्रिय कानुन अनुसराको गम्भीर अपराध घटाउने राजनीतिक तथा संस्थागत संरचनाले नै अहिले यस्ता मुद्दाहरुमा व्यक्तिगत न्यायमाथि अंकुश लगाई रहेका छन्” भनि आईसिजेको नेपाल प्रतिनिधि डगलास मेक्केयरले बताएका छन् । “नेपाल सरकारले के बुझ्नु पर्दछ भने स्पष्ट देखिने यसखाले दण्डहीनता प्रति, कानुनी शासनलाई कमजोर पार्ने कार्यमा मतियार बन्ने गरी, अन्तर्राष्ट्रिय समुदाय चुपलागेर बस्न सक्दैन ।”

२०६१ सालमा भएको मैना सुनुवारको अपहरण, यातना तथा सैनिक हिरासतमा गैरन्यायिक हत्या लगायतका मुद्दाहरु अति गम्भीर मद्दाहरुमा पर्दछन् । काभ्रे जिल्ला अदालतले मेजर निराजन बस्नेत, जो २०६४ साल माघमा पक्राउ पुर्जी जारी गरिएका संकास्पद अभियुक्तहरु मध्येका एक थिए, लाई अदालत समक्ष उपस्थित गराउन दिएको आदेशलाई नेपाली सेनाले सिधै उल्लंघन गर्‍यो । पक्राउ आदेश सार्वजनिक भए पछि २७ मंसिर २०६६ मा संयुक्तराष्ट्रसंघीय शान्ति स्थापना अभियान चाँडबाट नेपाल फर्काइएका मेजर निराजन बस्नेत नेपाली सेनाको संरक्षणमा रहदै आएका छन् ।

“नेपाली सेनाले लगातार रुपमा न्यायदेखि भागिरहेका भगौडाहरुलाई संरक्षण दिइ रहेको छ र यसले नेपाली नागरिक अदालतहरुलाई यसको अधिकारिक क्षेत्राधिकारको अभ्यास गर्न इन्कार गर्दै आएको छ”

आइसिजे एशियाका क्षेत्रीय निर्देशक रोजर नरमण्डले भने । “युवतिको भयंकररुपमा गरिएको बलजफ्ति वेपत्ता, यातना तथा हत्यामा आरोपित चारजना सैनिक अफिसरहरुलाई सैनिकहरुका आफ्नै आन्तरिक छानविन पछि ‘अनुशासनहीन र प्रकृया पुरा नगरेको’ जस्ता कार्यका लागि मात्र दोषी ठहर गरी आखामा छारो हाल्ने काम गरेको गरियो ।”

त्यसैगरी, आफ्ना सदस्यहरुले गरेका गम्भीर अपराधहरुकालागि माओवादी दलले प्रभावकारी ढंगले आममाफीको समेत उपभोग गरिसकेका छन् । उज्जन कुमार श्रेष्ठको हत्यामा संविधानसभाका सभाषद बालकृष्ण ढुंगेल विरुद्ध सर्बोच्च अदालतले दिएको बीस बर्षको कैद सजाय कार्यान्वयन हुन सकेको छैन र बालकृष्ण ढुंगेल स्वतन्त्रता पूर्वक हिडडुल गरिरहेका छन्, अझ राजनीतिक दलहरुबीच ‘राजनीतिक’ मुद्दालाई फिर्ता लिने गरी भएको संझौताका आधारमा, उनको पार्टीले सजाय मिनाहाका लागि आह्वान समेत गरेको छ ।

श्री मेक्केयर भन्दछन् “यी मुद्दाहरु ‘राजनीतिक’ भएका छन् किनकि ती अपराधीहरु अहिले राजनीतिक दलहरुसंग आवद्ध छन्, जस्ले आफूलाई कानुन भन्दा माथि रहेको ठान्दछन्”।

२०६५ साल असोजमा, तत्कालिन सरकारका बरिष्ठ सदस्यहरुका रुपमा रहेका माओवादीहरु सम्लग्न देखिएका ३४९ मुद्दाहरुलाई नेपाल सरकारले फिर्ता लियो । २०६५ माघमा सुरक्षा परिषदमा बुझाइएको आफ्नो प्रतिवेदनमा, संयुक्तराष्ट्रसंघीय महासचिवले अन्तर्राष्ट्रिय अपराध हुने गरी “वस्तुत माफी” दिन सकिने सम्भावना प्रति चिन्ता व्यक्त गरेका छन् (S/2009/1, para 43) । महासचिवले व्यक्त गरेको चिन्ताका बावजुद, नेपाल सरकारले अन्य ‘राजनीतिक’ मुद्दाहरुलाई फिर्ता लिने सम्बन्धमा लगातार छलफल गरिरहेको छ ।

“पीडित तथा उनीहरुका परिवारहरुले लगातार दुःख पाइरहेका छन् जबकि कसुरदारहरु तथा आदेश दिन जिम्मेवार ठानिएका विभिन्न तहका व्यक्तिहरु लगातार रुपमा कुनै चुनौति वेगर शक्तिको उपभोग गरिरहेका छन्” नरमाण्ड भन्दछन् । “लोकतन्त्र प्रतिको संक्रमण, पीडितहरुले प्रभावकारी उपचार पाउने अधिकार लगातका मानवअधिकारको सम्मानमा अडेको हुन्छ भन्ने कुरालाई सुनिश्चित गर्नका लागि अन्तर्राष्ट्रिय समुदाय र नेपाल सरकारले संग संगै काम गर्नुपर्दछ ।

अरु जानकारीका लागि सम्पर्क गर्नुहोस:
डग्लास मेक्केयर, आइसिजे नेपाल, ९७७९८४९६५६७८१

33, rue des Bains, P.O. Box 216, 1211 Geneva 8, Switzerland
Tel: +41(0) 22 979 3800 – Fax: +41(0) 22 979 3801 – Website: http://www.icj.org - E-mail: info@icj.org